# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय टिकापुर, कैलालीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**सूचना प्रकाशित मिति २०८३/०२/२६ गते मंगलबारको मिसन टुडे राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने समयावधि समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउन हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय टिकापुर कैलालीमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखी ४२ औं दिन अर्थात मिति २०८३/०४/०५ गते मंगलबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय टिकापुर, कैलालीमा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

## तपसिल

<table>
<tr><th colspan="2">क. ऋणी तथा जमानतकर्ताको विवरण :</th></tr>
<tr><td>ऋणीः सुर्य शाह (ना.प्र.नं. ६७२०४०/२५२०, जारी मिति २०६४/०७/१८, जि.प्र.का. कैलाली) ।<br>ठेगानाः कैलाली जिल्ला टिकापुर न.पा. वडा नं. १<br>(साविक टिकापुर गा.वि.स. वडा न. ९) ।<br>बाबुः मिन बहादुर शाह ।<br>बाजेः दिर्घ बहादुर शाह ।</td><td>जमानतकर्ताः शोभा शाह (ना.प्र.नं.: ६७२०४०/५०८४५ मिति २०७१/१२/०३ जि.प्र.का. कैलाली ) ।<br>ठेगानाः कैलाली जिल्ला टिकापुर न.पा. वडा नं. १<br>(साविक टिकापुर गा.वि.स. वडा न. ९) ।<br>बाबुः मिन बहादुर शाह ।<br>बाजेः दिर्घ बहादुर शाह ।</td></tr>
<tr><td>जमानतकर्ताः श्रीमति उमा शाह (ना.प्र.नं. १६९६२, जारी मिति २०५०/०९/१९ जि.प्र.का. कैलाली) ।<br>ठेगानाः कैलाली जिल्ला टिकापुर न.पा. वडा नं. १<br>(साविक टिकापुर गा.वि.स. वडा न. ९) ।<br>बाबुः धोज बहादुर शाह ।<br>पतिः मिन बहादुर शाह । ससुराः दिर्घ बहादुर शाह ।</td><td>ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :<br>सुर्य शाहको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला टिकापुर न.पा. वडा नं. ९, नक्सा सिट नं ९ण, स्थित कित्ता नं. ४५५ र ३२८ को क्षेत्रफल ३९.०० र ४२२.०९ (वर्ग मि.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..।</td></tr>
</table>

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय टिकापुर, कैलाली**बाट समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय टिकापुर, कैलालीमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x21